स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री केकी अधिकारी केही दिनयता नवविवाहित दुलहीझैं रातो साडी र पहेँलो पोतेमा सिंगारिएर मिडियामा प्रस्तुत भइरहेकी छन् । यसले भने धेरैलाई आश्चर्यमा पारेको छ । यसको पछाडीको रहस्य उनी अभिनीत तथा निर्मित फिल्म 'बोक्सीको घर'सँग जोडिएको छ । फिल्मको ट्रेलरमै उनी रातो साडीमा देखिएकी छन् । उनी कथित बोक्सीको भूमिकामा छिन् । रातो साडीलाई फिल्ममा विम्बको रुपमा प्रयोग गरिएको छ ।

**आजको विचार...**



जुनसुकै...
*(दुई पेजमा)*

*(दुई पेजमा)*

प्रा.देवीभक्त ढकाल



वर्ष २०८० मा एउटा पनि सिनेमामा काम नगरेका अभिनेता प्रदीप खड्कालाई यो वर्ष (२०८१) भने भ्याइ नभ्याइ हुने भएको छ । गत वर्षको अन्तिमदेखि नै यो वर्षका लागि प्रदीपले काम गर्न थालिसकेका छन् । 'पुजार सार्की'बाट काम सुरु गरेका प्रदीपले यो बाहेक नै पाँचवटा चलचित्रमा काम गर्नेछन् । पाँचवटा सिनेमामा उनले साइन गरिसकेका छन् । प्रदीपले 'पुजार सार्की' भने छायांकन गरिसकेका छन् । अब सेड्युलअनुसार साइन गरेका चलचित्रमा काम गर्दै जाने उनको भनाइ छ । यो वर्ष पुजार सार्कीबाहेक पाँचवटा सिनेमामा काम गर्दैछन् ।


❒ वर्ष २९ ❒अंक २६४ ❒ २०८१ वैशाख १२ गते बुधबार 24 April 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# योजना सुरू हुन्छन्, सम्पन्न हुँदैनन्

**हुमाकान्त पोखरेल (रासस)——**

**तम्घास (गुल्मी),** बैशाख ११/गुल्मीको इस्मा गाउँपालिकाले रिङरोडका नाममा विसं २०७५ मा वडा २ की चन्द्रा कुमालको घर माथिबाट सडक खन्न सुरु गऱ्यो । माथिबाट सडक खन्दा घरलाई जोखिम हुने भएपछि पुनःघर तलपट्टिबाट सडक खनियो । माथिबाट बाटो खन्दा गएको पहिरोले घर पुरियो भने तलपट्टिबाट खनेको सडकका कारण गरिखाने पाटो सकियो ।

अहिले तलपट्टिको बाटोको किनारमा बचेको थोरै जग्गामा कुमाल परिवारले झुपडी बनाएर जेनतेन बासस्थानको जोहो गरेको छ । घर पुरिएपछि तत्कालीन वडाध्यक्ष टीका रेश्मीसहितका जनप्रतिनिधिले नयाँ घर बनाइदिने आश्वासन दिए पनि लामो समयसम्म रकम नै निकासा भएन । केही समयपछि गाउँपालिकाले बल्लतल्ल रु एक लाख ४० हजार दियो । तर अहिले उक्त बाटोको कन्तबिजोग छ । सडकको कतिपय खण्डमा त्यसयता डोजरसमेत चलेको छैन । अर्थात् बाटो पूर्णरुपमा निर्माण भएकै छैन । "सडक बनाउँदा घर र बारी दुवै सकिए तर यो बाटोमा एम्बुलेन्ससमेत आउन सक्दैन । यस्तो बाटो बनाएर के फाइदा भयो ?", कुमालले भने । कुमाललाई सडकले आफ्नो परिवारको उठिबास लगाएकामा भन्दा पनि उनलाई त्यसरी बनाएको सडक सञ्चालन नभएकामा दुःख लागेको छ । इस्मा गाउँपालिकाको





चक्रपथ अन्तर्गतको चिसापानीबाट पनाहाघाटसम्म जोड्ने सडकको लागि पालिकाले २०७५ मा नयाँ ट्र्याक खन्न सुरु गरेको हो । अहिले पनि गुर्वाघाटदेखिको सडक पूर्णरुपमा अवरुद्ध नै छ । पैदल यात्रा समेत गर्न सकिँदैन । "बाटो सञ्चालन नै नगर्ने भए किन खन्नुपर्थ्यो ?", स्थानीय सुनिल खत्रीले भने, "सरकारी बजेट दुरुपयोग गर्न असार मसान्तमा डोजर चलाए ।" सो बाटो अवरुद्ध हुँदा विद्यार्थीहरु समयमा विद्यालय जान नपाएको उनले बताए । उक्त बाटो सञ्चालन नहुँदा पालुखा भेगका विद्यार्थीलाई विद्यालय जानका लागि आधा घण्टाभन्दा बढी पैदल हिड्नुपर्ने खत्रीले बताए । हालसम्म उक्त सडकमा रु चार करोड आठ लाख ७० हजार रकम खर्च भएको इस्मा गाउँपालिकाका सूचना अधिकारी नारायण महतले बताए ।

उक्त सडकले इस्माको रातडाडाँ-हर्पुकोट-ठाडढुङ्गा, दोहोली, डाँडीपोखरा-दोबाट-सिरार-अमरपुर-राङदलचौर-हुलाके-राहाले-सिल्तुङ्ग-पालुखा-छल्दीपनाह-रातडाडाँ जोड्छ । यस्तै गतिमा काम हुने हो भने उक्त सडक सम्पन्न हुन दशकौं लाग्ने देखिन्छ । सोमर-भोमर-निन्युखर्क-हाडहाडे सडक अन्तर्गत धुर्कोट गाउँपालिका-३ हाडहाडेमा २०७८ को असार मसान्तमा डोजर चल्यो । त्यसपछि उक्त ठाउँमा माथिबाट पहिरो झरेर सधैँ समस्या भइरहृयो । सडककै कारण हाडहाडेको साविकको निन्युखर्कको गनेयपोखरामा पहिरोले एनसेलको टावर र करिब १५ घरधुरी जोखिममा छन् । 'असार मसान्तमा स्थानीयको भावना विपरित अनावश्यक ढङ्गले डोजर चल्यो,' स्थानीय छमकुमारी श्रीसले भने, 'विकासका नाममा हामीलाई सास्ती भएको छ ।' सधैँ वर्षायाममा पहिरो गएर यातायातमा समस्या हुने पनि उनले बताए । वडाध्यक्ष पदम विष्टले उक्त सडकको तलपट्टीको भाग पनि भासिएकाले गाउँपालिकाले निर्माण गर्न थालेको सहिद मार्गमा पनि असर पुग्ने बताए । वडाध्यक्ष विष्टले बजेट सकिएको बाहाना बनाएर सम्बन्धित कार्यालयले काम नगरेको आरोप लगाए । इस्मा गाउँपालिकाले ४ सय ५० भन्दा बढी घरमा 'एक घर-एक धारा' पुऱ्याउनको लागि २०७८ मा योजना सुरु गऱ्यो । 'छल्दी मझ्याङ रतलारुख ताल्तुङ सिन्दुखा लिफ्टिङ खानेपानी आयोजना' नाम दिइएको यस योजनाको लागि हालसम्म दुई करोडभन्दा बढी खर्च भएको छ । अहिलेसम्म पाँचवटा ट्याङ्की, मोटर खरिद र लिफ्टिङको लागि भवन पनि निर्माण भएको छ । १२६ घरमा सप्लाई पाइपलाइन पनि जडान भएको छ । तर, अहिलेसम्म एक घरमा पनि पानी झरेको छैन । "धारा जडान भएको लामो समयसम्म पनि पानी आएन, अघिल्लो सरकारले सुरु गरेको योजनामा अहिलेको सरकारले बजेट नै राखेन", इस्मा-२ का स्थानीय राजु नेपालीले भने, "बनेका ट्याङ्की पनि फुट्न थालेका छन् ।" अर्का स्थानीय राजेन्द्र विक्रम कुँवरले एकातर्फ समयमा बजेट खर्च नभएको तथ्याङ्क सार्वजनिक हुन्छ, अर्कोतर्फ बजेट नराखेर योजनालाई अलपत्र पारिएको बताए । अहिले पालिकाले बजेट विनियोजन नगर्दा सर्वसाधारणले खानेपानीको समस्या झेलिरहेको बताए । इस्मामा यसअघि एमाले नेतृत्वको स्थानीय सरकार थियो भने अहिले काँग्रेस नेतृत्वको सरकार छ ।

*(...बाँकी अन्तिम पेजमा)*

## संक्षिप्त समाचार

### डुङ्गा दुर्घटनामा १६ जना आप्रवासीको मृत्यु

**(रासस/एएफपी) ——**

**नैरोबी,** बैशाख ११/अफ्रिकी राष्ट्र जिबुटी तटीय क्षेत्रमा भएको पछिल्लो डुङ्गा दुर्घटनामा परी कम्तीमा १६ आप्रवासीको मृत्यु हुनुका साथै २८ जना बेपत्ता भएको संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) ले मंगलबार जनाएको छ । इथियोपियाली आप्रवासी बोकेको अर्को डुङ्गा जिबुटीको तटीय क्षेत्रमा डुबेको हो । 'जिबुटी तटमा बालबालिकासहित ७७ जना आप्रवासी सवार डुङ्गा पल्टिँदा दुर्घटना भएको छ, आइओएमले एक्स (ट्वीटर) मा लेखेको पोस्टमा भनिएको छ ।' 'कम से कम २८ व्यक्ति वेपत्ता भएका छन् । १६ जनाको मृत्यु भएको छ', विज्ञप्तिमा भनिएको छ, 'स्थानीय आईओएम शाखाले स्थानीय अधिकारीहरूलाई खोजी र उद्धार कार्यमा सहयोग गरिरहेको छ ।' यो तथाकथित पूर्वी आप्रवासन मार्गमा भएको पछिल्लो घातक दुर्घटना थियो । जिबुटीको उत्तरपूर्वमा पर्ने गोडोरियाको तटमा अप्रिल ८ मा ६० जनाभन्दा बढी यात्रु बोकेको अर्को डुङ्गा डुबेको आईओएम र जिबुटीस्थित इथियोपियाली दूतावासले जनाएको छ । आइओएमका अनुसार उक्त घटनामा बालबालिकासहित ४४ आप्रवासीको मृत्यु भएको थियो । जिबुटीस्थित दूतावासका अनुसार डुङ्गाले इथियोपियाली आप्रवासीलाई जिबुटीबाट युद्धग्रस्त यमनतर्फ लैजाँदै थियो । हरेक वर्ष हजारौं अफ्रिकी आप्रवासीहरूले द्वन्द्व वा प्राकृतिक विपत्तिबाट बच्न वा राम्रो आर्थिक अवसरको खोजीमा युद्धग्रस्त यमन हुँदै 'रेड सी' पार गरेर खतरनाक 'पूर्वी मार्ग' पार गर्दै साउदी अरब पुग्ने गर्छन् ।

**सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,

नेपाल सरकार


**विज्ञापन बोर्ड**

# नेपाल आए मित्रराष्ट्र कतारका अमिर

**हाम्रा संवाददाता——**

**काठमाडौं,** बैशाख ११/मित्रराष्ट्र कतारका अमिर शेख तमिम विन हमाद अल थानी नेपाल आएका छन् । नेपालको दुई दिने राजकीय भ्रमणको सिलसिलामा उनी नेपाल आएका हुन् ।

राष्ट्रपति रामचन्द्र पौडेलको मैत्रीपूर्ण निमन्त्रणामा उनी नेपाल भ्रमणमा आएका हुन् । उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा राष्ट्रपति पौडेलले स्वागत गरे । स्वागतका लागि उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे र उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ विमानस्थल पुगेका थिए । यसैगरी कतारका अमिरलाई स्वागत गर्न उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ र मन्त्रिपरिषद्का सदस्यलगायत



उच्चपदस्थ अधिकारी, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि विमानस्थल पुगेका थिए । बंगलादेशको राजकीय भ्रमण सम्पन्न गरी उनी मंगलबार विशेष विमानबाट काठमाडौँ आइपेका हुन् । सो अवसरमा कतारका अमिरको सम्मानमा नेपाली सेनाको एक टुकडीले २१ तोपको सलामीसहित सम्मान गारत अर्पण गरेको थियो । नेपाल र कतारबीच सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि कतारका अमिरको यो पहिलो नेपाल भ्रमण हो । नेपालले सन् २००० जुलाई ११ मा दोहामा राजदूतावास स्थापना गरेको थियो भने कतारले काठमाडौँमा आफ्नो राजदूतावास सन् २०११ अगस्टमा स्थापना गरेको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## सोंचमा परिवर्तन ल्याऊ

खडेरीले सुख्खा भएको अवस्था अनि पहाडका डाँडाकाँडामा सल्केको डढेलोका कारण मुलुकका हरेक स्थानहरुमा अहिले वातावरण दूषित छ । मुलुकको राजनैतिक वृत्तमा पनि प्रकृतिकै भाती राजनैतिक वातावरण धूमिल हुँदै गएको छ । देशले असल सरकारहरु खोजिरहेको छ तर पाउन सफल भएको छैन । समस्याहरुका माझ उभिएको केन्द्र सरकार अनि प्रदेश सरकारहरु धेरै अलमलमा रुमल्लिएका छन् । आशाका किरणहरु मुर्झिएका छन् । निराशाहरु जतातत‌ै मौलाएका छन् । देश विकासका गतिहरु मन्द स्वरुपले चलायमान भएका छन् । गाउँ रित्तिए पनि मन भरालै छन् । तन मलिनो भएपनि मनमा आशा र भरोशा कायमै छन् । जनमानसमा दलीय स्वरुपका सकारात्मक र नकारात्मक विम्वहरुले घेरावन्दी छोडेका छैनन् । त्यति हुँदा पनि जनताले नयाँ-नयाँ दलीय स्वरुपमा आएका पार्टीहरुका कहर र पुरातनवादी सोंचको आरोप खेपिरहेका नेताहरुसंग आश गर्न छोडेका छैनन् ।

अधिकारवादीहरु पनि आफ्नै अधिकारका लागि लडिरहेको अनुभूति हुन थालेका हुन्कि भन्ने आशंकाहरु मौलाएका छन् । उद्यमशीलताको खडेरी कायम भइरहेका कारण वित्तीय अनुशासन पनि दुब्लाइरहेको अनुभूति हुन्छ । सोंच र सभ्यताका किरणहरुले उचित स्थान पाउन सकेका छैनन् । मानव विकासमा सूचकहरु ह्रास हुँदै गएका छन् । यी र यस्ता समस्याहरुको समाधानका लागि नयाँ रेखाहरु धुमिल भएका कारणले पनि देश कतै विरामी परेको होकी भन्ने अनुभूति भएको हुन्छ । समस्या मात्रै बिसाएर, मौनम्, स्वीकृत रक्षणम्को अवधारणाले मात्र हुँदैन । समय अनुसार संसार जस्तै हामी पनि नयाँ युगमा प्रवेश गर्दैछौं भन्ने कुरालाई बुझ्न जरुरी छ । त्यसकारण नकारात्मकताका पहाडहरुमा सकारात्मकताका बिरुवा रोपौं र आशाका पालुवाहरुको प्रतिक्षा गरौं । त्यसका लागि सोंचमा परिवर्तन अनि दीगो र सकारात्मकताले ओंतप्रोत भएको परिवर्तन आवश्यक छ ।

### Opinion @ Social Network

तपाइलाई समस्या पर्दा जो सहयोगी बन्छ उहीं आफन्त हो
दुनियाँमा बनिबनाउ आफन्त कोहि हुँदैन !!
*(विशाल दर्लमीको फेसबुक स्टाटस https://www.facebook.com/bishal.darlami.3)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जुनसुकै समयको भ्रष्टाचारीलाई पनि दण्डित गरौं



प्रा.देवीभक्त ढकाल

*राज्यले सबै समय किनेका मानिसहरूले त्यो समय आफ्नो परिवारलाई, निजी कामलाई र आफ्नो पार्टीलाई खर्च गर्न पाइने कि नपाइने अब यसलाई बहससँगै कारबाहीको विषय बनाउनुपर्छ । आफ्नो पार्टीको मिटिङमा आफ्नो पार्टीको उम्मेदवारको प्रचारप्रसार गर्न प्रधानमन्त्री र मन्त्रीहरूले राज्यले किनेको समय र साधनहरूको चरम दुरुपयोग गर्न पाइने कि नपाइने भन्ने विषयमा अब गम्भीर बहस प्रारम्भ गर्ने कि ? सरकारी साधन र स्रोतलाई जसले दुरुपयोग गर्छ ।*

प्रधानमन्त्री र मन्त्रीहरू पदमा बहाल हुँदाको अन्तिम मितिसम्मको सम्पूर्ण समयलाई राज्यले खरिद गरेको हुन्छ । उच्च पदस्थहरूको शपथग्रहण भनेको नै उनीहरूले आफ्नो समय, बुद्धि, विवेक, क्षमता, कार्यकुशलता आदि पदमा बहाल रहँदाका मितिसम्म राज्यलाई इमानदारीपूर्वक सुम्पन्छु भन्ने वचनबद्धता हो । शपथग्रहण भनेको व्यक्तिगत, पार्टीगत, पारिवारिक आदिका पक्षमा होइन, देश र जनताका पक्षमा काम गर्छु, समय खर्चन्छु भन्ने प्रतिज्ञा हो । प्रतिज्ञाभित्र पदमा बहाल रहँदासम्म मेरो विवेक, बुद्धि, क्षमता आदि सम्पूर्ण समय राज्य र जनतालाई दिन्छु । इमान, धर्मलाई सम्झेर काम गर्छु भन्ने सम्झौता हो । शपथग्रहण व्यक्तिको व्यक्तिगत अर्थात् निजी जीवन एकाएक सामाजिक जीवनमा रूपान्तरण गर्ने राज्यपक्ष र सम्बन्धित व्यक्तिको स्वेच्छिक सम्झौता हो । यस सम्झौताविपरीत राज्यलाई तलब, भत्ता र सुविधासँग स्वेच्छाले विनिमय गरेको समयलाई उसले आफ्नो पार्टी, आफ्नो परिवार, नातागोता कसैलाई दिन पाइँदैन । परिवारलाई, नातागोतालाई वा वा पार्टीका कार्यकर्ता र पार्टीका कुनै कार्यक्रमलाई समय दिनुभनेको अपराधजन्य बेइमानी हो । यो दण्डनीय विषय बन्नुपर्छ । प्रधानमन्त्री र मन्त्रीहरू जस्तो उच्च पदको शपथ लिनेहरू देशको र जनताको महत्वपूर्ण सम्पत्ति हो । उनीहरूको समयको दुरुपयोग भनेको राज्यको सम्पत्तिको दुरुपयोग हो । उद्घाटन र शिलान्यासमा समय खर्च गरेर देश बन्दैन । देश बनाउन उपयुक्त कार्यक्रम बन्नुपर्छ, अक्षरशः कार्यान्वयन नगरीकन देश बन्दैन । पदको शपथग्रहण भनेको निजी जीवनलाई स्वेच्छाले परित्याग गर्ने र सार्वजनिक जीवन ग्रहण गर्ने संकल्प हो । व्यक्तिगत र पार्टीगत काममा समय खर्चनु संकल्पविपरीतका क्रियाकलाप हुन्, ती कानुनतः दण्डनीय हुनुपर्छ । सार्वजनिक पदमा रहँदा समयको दुरुपयोग गर्ने र नीतिगत भ्रष्टाचार गर्ने जोकोही दण्डित हुनुपर्छ । प्रगतिको बाधक भनेको समय, साधनस्रोत र अधिकारको दुरुपयोग हो ।

सार्वजनिक पदको शपथग्रहण भनेको व्यक्तिको निजी जीवनलाई नितान्त सार्वजनिक जीवनमा रूपान्तरण गर्छु भन्ने प्रतिबद्धता हो । शपथ मितिदेखि व्यक्तिगत वा निजी जीवनलाई सीमित गरेर देश र समाजको हितमा मात्रै चिन्तनशील, क्रियाशील हुन्छु भन्ने प्रतिबद्धता, वचनबद्धता र संकल्प हो । संकल्प गर्ने पदाधिकारीले लिएको पारिश्रमिक, भत्ता, सुविधा आफ्नो सम्पूर्ण समय राज्यलाई सुम्पिदिन्छु भन्ने सम्झौतानुसार प्राप्त पारितोषिक हो । यो पदमा रहँदासम्म परिवार नातागोता, साथीभाइ, इष्टमित्रहरूको पक्षमा होइन फगत जनता र देशको पक्षमा कुनै प्रकारको लोभलालचजस्ता कुराबाट मुक्त भएर देश र जनताको निष्पक्ष सेवा गर्छु भन्ने करारनामा हो । सो अवधिमा व्यक्तिगत, परिवार, इष्टमित्र, पार्टीको कामममा, मनोरञ्जन र सानसौकत आदि प्रदर्शन गर्नेजस्ता कुनै काममा समयलाई खर्च गर्न पाइँदैन । व्यक्ति विशेषको पाहुना हुने र उपहारसमेत बर्जित विषय हुन्छन् । व्यक्तिगत वा पार्टीगत स्वार्थपूर्तिका लागि साधनस्रोत प्रयोग गर्दा भ्रष्टाचार हुने तर त्यस्ता व्यक्तिहरूको राज्यलाई दिन्छु भनेर शपथ खाएको समयलाई दुरुपयोग गर्दा भ्रष्टाचार गरेको ठहर किन नहुने ? विद्यमान कानुनलाई छल्ने नियतका साथ हुने मन्त्री परिषद्बाट हुने स्वर्थप्रेरित सम्पूर्ण निर्णय दण्डभागी हुनुपर्छ । आर्थिक भ्रष्टाचारजस्तै नीतिगत भ्रष्टाचार र समयको भ्रष्टाचार जघन्य अपराध हुन् ।

अबका दिनमा उच्चपदस्थहरूले गर्दै आएको समयको दुरुपयोग अर्थात् समयको भ्रष्टाचार र नीतिगत भ्रष्टाचार रोक्न अविलम्ब कानुन बन्नुपर्छ । व्यक्तिको समय मुद्रा हो । समयको सदुपयोगले व्यक्तिले आफूलाई आर्थिक रूपमा सम्पन्न बनाउँछ । त्यस्तै सार्वजनिक पदमा रहेको व्यक्तिको चिन्तन, लगनशीलता, कार्यकुशलताले जनता र देश समृद्ध हुन्छ । उच्चपदस्थहरूको समयको दुरुपयोगले देश र समाजको दुर्गति हुन्छ । राज्यको जिम्मेवारीका सन्दर्भमा शपथग्रहण गर्ने जोसुकैलाई पनि समयको दुरुपयोग गरेकोमा दण्डित गर्ने कानुनी व्यवस्था हुनुपर्छ । जसलाई राज्यले विविध प्रकारका सुविधा र साधन उपलब्ध गराएर आफ्नो काम गर्न आदेश दिएको छ भने उसको निजी जीवन हुँदैन । समय अब राज्यको हुन्छ व्यक्तिको हुँदैन । त्यसैले प्रधानमन्त्री, मन्त्रीहरूले पदमा बहाल रहँदासम्म म व्यक्तिगत, पारिवारिक, नातागोता र कुनै खास पार्टी वा चिनजानको काम गर्ने समयबाट वञ्चित छु भन्ने कुरा सम्बन्धित व्यक्तिले व्यवहारबाटै आत्मसात गर्नुपर्छ । त्यस्ता व्यक्तिहरूले राज्य र जनताका काममाबाहेक समय र साधनको दुरूपयोग गरेका छन् कि भन्ने निगरानी आमनागरिकले गर्नुपर्छ । प्रधानमन्त्री, मन्त्रीहरू पदमा रहँदा राज्यका साधनस्रोतलाई निजी सम्पत्ति ठानेर दुरुपयोग हुने विषयलाई कानुनले भ्रष्टाचार भनेको छ भने समय जस्तो महत्वपूर्ण वस्तुको दुरुपयोगमा किन भ्रष्टाचारको कानुन आकर्षित नहुने ? राज्यलाई सुम्पेको समय दुरुपयोग गर्ने छुट कसैले नपाउने कानुन बन्नुपर्छ । यो सचेतना सबै प्रधानमन्त्रीहरू र मन्त्रीहरूलाई हुनुपर्ने हो । यस्तो सर्वोच्च पदमा बहाल रहनेहरूलाई यति सामान्य विषयमा पनि सचेत गर्नुपर्ने अवस्था आउनु हाम्रो दुर्भाग्य हो । यति सामान्य विषयलाई ख्याल नगर्नेहरू पनि उच्चपदमा पुग्ने हाम्रो संविधान र शिक्षा पद्धतिमा विद्यमान कमजोरी नै यसको कारण हो भन्दा पक्कै पनि अत्युक्ति नहोला । प्रधानमन्त्री, मन्त्रीहरूको पूरै समय राज्यले किन्ने अनि त्यै समय अन्य व्यक्तिगत र पार्टीगत काममा खर्च गर्नु भनेको पनि भ्रष्टाचार हो । भ्रष्टाचारलाई यस कोणबाट हेर्ने समय कहिले आउँछ ? कौटिल्यले प्रधानमन्त्री पदमा हुँदा राज्यको कामका लागि बालेको राज्यको बत्तीलाई निभाएर आफ्नो व्यक्तिगत काम गर्दा निजी बत्ती प्रयोग गर्ने भन्ने कुरा उनको गतिविधिको अध्ययनबाट प्रष्ट हुन्छ । त्यसैले लाबालस्कर सुरक्षाकर्मी, साधन, ड्राइभरजस्ता अनगिन्ती खर्च प्रयोग गरेर निजी काममा जाने पार्टीहरूको सभासम्मेलनमा जाने र पार्टीविशेष र उम्मेदवार विशेषको प्रचारप्रसारमा झण्डा हल्लाएर जाने प्रधानमन्त्री र मन्त्रीहरूको गतिविधिलाई अबका दिनहरूमा नियन्त्रण गर्ने विधि र संयन्त्र सशक्त क्रियाशील हुनुपर्छ । युवाहरूले यस्तो अनुशासन कायम गर्न दबाब दिनुपर्छ । उनीहरूलाई तलब, भत्ता, अतिथिसत्कार, पानी, बिजुली, पत्रपत्रिका, इन्टरनेट, कम्प्युटर जस्ता अति आवश्यक मात्रै होइन थुप्रै विलासी सामग्रीहरूको व्यवस्था राज्यकोषबाट हुन्छ । उनीहरूका लागि भान्से, सुसारे, निजी सहायक, ड्राइभर, सल्लाहकारहरू, सुरक्षाको लावालस्कर आदि आदि जनशक्तिमा हुने अनगिन्ती लगानी पनि राज्यकोषबाटै हुन्छ । आधुनिक सुविधाहरूले सुसज्जित, सुरक्षित साथै सुविधाजनक गाडीहरूको प्रबन्ध राज्यले गरेको हुन्छ । विशेष सुविधाजनक आवासको प्रबन्धमा पनि राज्यले थुप्रै खर्चेको हुन्छ । हामीले थाहा पाउनेमात्रै होइन थाहा नभएका र लेखापरीक्षण नै नहुने थुप्रै शीर्षकहरूमा पनि राज्यकोष लुटिन्छ ।

सुविधा लिखितमा उल्लेख भएभन्दा अझ बढी-बढी सुविधा आफू र परिवार नातागोता समेतले लिएर राज्यकोषको ढाड सेकाउने कामको विषयमा लेखाजोखा नै नहुने खर्च राज्यले व्यहोरेको छ । पेट्रोल, मर्मत, मुबिलजस्ता खर्च आवश्यकताभन्दा बढी बिल बनाएर राज्यकोषको दोहन प्रतियोगिता पनि यिनीहरूबीचमा सधैं हुँदै आएको छ । देश र जनतालाई उनीहरूले के दिने भन्ने चिन्तन छैन यिनीहरूको चिन्तन सबै राज्यको ढुकुटीबाट कसरी धेरैभन्दा धेरै लिन सकिन्छ भन्ने सोंच सबैमा प्रबल भएकाले राज्य प्रतिदिन दुब्लाउँदै छ भने यिनीहरू प्रधानमन्त्री र मन्त्री बनेर निस्कँदा छ/आठ महिनामै मोटाएर निकन्छन् । सम्पत्ति आफ्नो जोड्न र राज्यको अन्धाधुन्ध खर्च गर्ने मानसिकता, चिन्तन, मस्तिष्क र प्रवृत्तिको सिकार सधैं राज्यकोष भएकाले राज्यकोषलाई यिनीहरूको खर्चको भार थामिनसक्नु भएर अब टाट उल्टने अवस्थामा पुगेको छ । सुविधा वैध अवैध दुइटै कुम्ल्याउँदासमेत नपुगेर अवैध आर्जनमा अर्थात् भ्रष्टाचारमा क्रियाशील रहेको कुरालाई सुनकाण्ड, नक्कली भुटानी शरणार्थी काण्डजस्ता काण्डहरूले प्रमाणित गरेका विषय हुन् । उपराष्ट्रपतिको जस्तो उच्च सचिवालय र तिनका कर्मचारीहरू सुनतस्करीमा प्रयोग भएको भन्ने समाचार पत्रपत्रिकाहरूमा प्रकाशित हुने विषय वास्तवमा लज्जास्पद विषय हुन् । यस्ता लज्जास्पद विषयको मसिनो लेखाजोखा गर्ने हो भने पदमा हुनेहरू नचुकेका अब पाउनै मुस्किल हुने विषयले भ्रष्टाचारको आयतन कति छ भनेर आकलन गर्नै कठिनाइ हुने अवस्था भनेको संविधान, कानुन र नियमनकारी निकायहरूको असफलता हो भन्नु किञ्चित अन्यथा हुँदैन । राज्यले सबै समय किनेका मानिसहरूले त्यो समय आफ्नो परिवारलाई, निजी कामलाई र आफ्नो पार्टीलाई खर्च गर्न पाइने कि नपाइने अब यसलाई बहससँगै कारबाहीको विषय बनाउनुपर्छ ।

आफ्नो पार्टीको मिटिङमा आफ्नो पार्टीको उम्मेदवारको प्रचारप्रसार गर्न प्रधानमन्त्री र मन्त्रीहरूले राज्यले किनेको समय र साधनहरूको चरम दुरुपयोग गर्न पाइने कि नपाइने भन्ने विषयमा अब गम्भीर बहस प्रारम्भ गर्ने कि ? सरकारी साधन र स्रोतलाई जसले दुरुपयोग गर्छ । त्यो भ्रष्ट हो । उसका क्रियाकलाप भ्रष्ट क्रियाकलापमा गनिनुपर्छ । भ्रष्टाचार भनेको फगत आर्थिक भ्रष्टाचारलाई मात्र भनेका छौं, सरकारी साधनस्रोत दुपयोग, प्राप्त अधिकारभन्दा बढी र कम अधिकारको प्रयोग साथै समयको दुरुपयोगमात्रै होइन अहिले नांगिएको नीतिगतजस्ता समग्र उच्चपदस्थका बदि्नयतपूर्ण निर्णय र क्रियाकलापलाई भ्रष्टाचारको श्रेणीमा राख्नुपर्छ । निर्वाचन प्रचारमा प्रधानमन्त्री र मन्त्रीहरूले आफ्नो पार्टीका उम्मेदवारको निर्वाचनको प्रचारप्रसारमा समय खर्च गर्नु भनेको व्यक्तिगत लाभको खपत गर्ने रणनीति हो । सार्वजनिक पदमा बस्नेले एकपक्षलाई हानी र अर्को पक्ष लाभान्वित हुने काममा समय खर्चिनु भनेको दुरुपयोग हो । यो भ्रष्ट क्रियाकलाप र भ्रष्ट आचरण हो । त्यसैले अबका दिनमा आर्थिक भ्रष्टाचारसँगै समय साथै नीतिगत निर्णयबाट हुँदै आएको भ्रष्टाचारलाई दण्डित गर्ने जनताको माग र समयको आवश्यकतालाई आत्मसात गर्न जिम्मेवारहरूले ढिला गर्नु हुँदैन ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रमा प्रभुत्व जमाउन पनि सकिनेछ । | **तुला** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । प्रेमीको सहयोग पाइनेछ । |
| **बृष** : मनोरञ्जनले अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **बृश्चिक** : प्रिय व्यक्तिसँग भेटघाट होला। मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । |
| **मिथुन** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। मित्रबाट विशेष सहयोग मिल्नसक्छ । | **धनु** :बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : प्रतिष्ठा कमाउने वेला छ । व्यापार व्यवसायमा फाइदा होला । | **मकर** : शैक्षिक पक्ष कमजोर हुनेछ, तर परिवारमा मेलमिलाप भने राम्रै हुनेछ । |
| **सिंह** : शुभअशुभ समाचार सुनिएला । मित्रसँग मीठो भेटघाट पनि रहला । | **कुम्भ** : प्रतिष्ठा कमाउने बेला छ । सामाजिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **कन्या** : प्रेममा मनमुटावका साथै मन कमजोर रहला । मन प्रसन्न रहने छ । | **मीन** : आत्मिक सन्तुष्टि मिल्नेछ । विद्यामा सफलता पाइएला । |

## कला मनोरञ्जन

# पल र पूजाको सम्बन्ध : कहिले चिसो, कहिले न्यानो



नेपालीमा एउटा उखान छ, 'बुढाबुढीको झगडा परालको आगो ।' अर्थात् क्षणमै सल्कन्छ र क्षणमै निभिहाल्छ । अभिनेता पल शाह र अभिनेत्री पूजा शर्माको सम्बन्ध पनि यो उखानको अर्थजस्तै छ । कहिले घनिष्ट देखिन्छन्, कहिले बोलचाल समेत हुँदैन । पलले जेल जीवन बिताइरहँदा उनको पक्षमा पूजा खुलेरै देखिएकी थिइन् । पल जेलमुक्त भएपछि दुवैबीच लामो समय बोलचालै भएन । 'म यस्तो गीत गाउँछु २' रिलिज भइरहँदा पल जेलमा थिए । त्यसबेला उनको तस्वीर अंकित टिसर्ट लगाएर पूजा हल-हलमा पुगेकी थिइन् । पललाई भेट्न उनी जेल पनि धेरै धाइन् । तर, जब पल बाहिर निस्किए, त्यसपछि दुवैबीच बोलचाल बन्द भयो ।

गत वर्ष सिने सर्कल अवार्डमा एकसाथ अवार्ड थाप्न स्टेज चढ्दा पनि दुवै अपरिचितझैं देखिएका थिए । एकअर्काको अनुहार समेत हेरेनन् । पललाई चिढ्याउन पूजा गायिका समीक्षा अधिकारीसँग समेत नजिकिएकी थिइन् । यसले उनीहरुबीच झनै दूरी बढाउने काम गऱ्यो । तर, अहिले यो जोडी फेरि घनिष्ट बनिसकेको छ । फिल्म 'रावायण'मा काम गर्नका लागि दुवैले चिसो सम्बन्धलाई न्यानो बनाएका हुन् । उनीहरुबीचको मिलनको सूत्रधार भने निर्देशक सुदर्शन थापा हुन् । उनकै अग्रसरतामा पल र पूजाको पूर्नमिलन भएको हो । 'म यस्तो गीत गाउँछु'को दुई श्रृंखलामा काम गरेका उनीहरु दर्शकले रुचाएका जोडी हुन् । र, दुवै एकअर्काका लागि 'लक्की' पनि मानिन्छन् । यसैले फुट्नुभन्दा जुट्नु राम्रो हो । पूजाको पलसँग मात्र होइन, अभिनेता प्रदीप खड्कासँग पनि सम्बन्ध सुध्रिसकेको छ । 'रावायण'पछि उनीहरुले सुदर्शनको नयाँ फिल्ममा काम गर्दैछन् । यसरी हेर्दा पूजा सम्बन्ध सुधारको अभियानमा देखिएकी छन् ।

*-फिल्मी खबर डटकम*

# 'मनसरा समाजमा देखिरहेका पात्रहरूको कथा हो'




लेखक एवं निर्देशक उपेन्द्र सुब्बाले 'मनसरा'मा सरल तरिकाले कथा भन्ने कोशिस गरेको बताएका छन् । ललितपुरमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले मिश्रित समाजको कथा फिल्मले प्रस्तुत गर्ने बताए । उनले फिल्म क्षेत्रमा आफूले धेरै वर्ष बिताइसकेको हुनाले गल्ती गरेर माफी माग्ने छुट नभएको बताए । 'यो फिल्ममा सकेको कोशिस गरेको छु । जिम्मेवारी बोधले पनि काम गरेको छु । म सँग रेला गर्ने उमेर पनि रहेन्,' उनले भने 'फिल्म क्षेत्रमै १२-१५ वर्ष बिताइसकेँ । बिगार गरेर एक्सक्युज माग्ने छुट छैन जस्तो लाग्छ ।' उनले 'जारी'मा केही सिकेको बताउँदै 'मनसरा'मा केही फरक र थोरै नयाँ कोसिस गरौं भन्ने हिसाबले काम गरेको बताए । 'मेरो प्रयास कतिसम्म प्रयाप्त छ भन्ने फिल्म हेरेरै भन्न सकिएला । फरक नभए मेरो कोसिस अप्रयाप्त भएछ भनौंला । तर एक्सक्युज मागिदनँ,' उनले भने । उनले फिल्मको व्यवसायिक पाटोलाई लिएर आफूले प्रेसर नलिएको समेत स्पष्ट पारे ।

अभिनेता दयाहाङ राईले 'मनसरा'मा आफूले गरेको पात्र पर्दामा अरुले गरेको हेर्ने पाए हुन्थ्यो भन्ने खालको लोभलाग्दो पात्र रहेको बताए । 'नढाँटी भन्नुपर्दा यो पात्र मैले नगरेर, अरूले गरेको हेर्न पाए कस्तो आनन्द हुन्थ्यो हुन्थ्यो होला भन्ने लागेको थियो । अहिले पनि लाग्छ,' उनले भने, 'यो मेरो लागि डाह लाग्ने पात्र हो । अरूले निर्वाह गरेको आनन्दसँग बसेर हेर्न चाहन्थे । तर आफैले गर्नुपर्ने अवस्था आयो ।' अभिनेता प्रवीण खतिवडाले 'मनसरा'मा समाजमा कतै देखे/ भोगेको कथा रहेको बताए । उनले फिल्म हेर्दा आफ्नै परिवार, समाजको कथा हेरेझै लाग्ने सुनाए । आफ्नो पात्र पनि समाजमा कतै देखिसकेको/भोगिसकेको भएकाले क्यारेक्टरको विकासमा अप्ठ्यारो नभएको समेत अनुभव साटे । 'यो मिश्रित समाजभित्रको कथा हो । सामाजिक ड्रामा हो । मेरो भेगाइभित्रको, देखेमा मान्छेहरूको कथा हो,' उनी भन्छन्, 'अहिलेसम्म सानाठूला जति भूमिका निर्वाह गरेँ सबैमा न्याय गर्ने कोशिस गरेको छु । यसपटक पनि न्याय गर्ने कोसिसका साथ काम गरेको छु । फिल्मबाट पूर्ण आशावादी छु ।' फिल्ममा एकल आमा र एकल महिलाको भूमिका निर्वाह गरेकी अभिनेत्री मिरुना मगरले 'मनसरा'मा आफूले आफूलाई 'एक्सप्लोर' गर्ने अवसर पाएको सुनाइन् । उनले वास्तविक जीवनमा आफू आमा नभएपनि फिल्मबाट आमाको अनुभूति गर्न पाएको बताइन् । उनले आफ्नो पात्रबारे भनिन्, 'त्यो क्यारेक्टर देखिरहेको, भेटिरहेको तर नियाल्ने मौका नपाएको लाग्यो ।' मनसराको आफ्नो भूमिकालाई दर्शकले रुचाउनेमा आशावादी रहेको मिरूनाले बताइन् । अर्की अभिनेत्री मेनुका प्रधान पनि फिल्मलाई लिएर आशावादी देखिइन् । 'फिल्म हेरून्जेल आफ्नो सबै कुरा बिर्सिएर मजा लिएर निस्किनुहुन्छ जस्तो लाग्छ,' उनले भनिन् । निर्माता तथा छायांकार शैलेन्द्रध्वज कार्कीले राम्रो टिम भएकाले फिल्मलाई लिएर प्रेसर महशुस गर्न नपरेको बताए । 'मनसरा' यही वैशाख २१ गतेदेखि प्रदर्शनमा आउँदैछ ।

*-सेतोपाटी डटकम*

# 'बलिदान'मा भित्रिए दिव्य देव




आसुसेन फिल्मसको निर्माणमा बन्न लागेको फिल्म हो 'बलिदान' । बलिदानको मुख्य भूमिकाको लागि दिव्य देव अनुबन्धित भएका छन् । फिल्मको मुख्य भूमिकाको लागि दिव्य देव भित्रिएको निर्देशक सन्तोष सेनले बताए । नाटकबाट फिल्ममा भित्रिएका दिव्य देवले केही अगाडि प्रदर्शित फिल्म 'चिसो एस्ट्रे'मा अभिनेताका रुपमा अभिनय गरेका थिए । 'हिजो आजका कुरा', 'दि सेक्रेट्स अफ राधा' र अहिले प्रदर्शनरत फिल्म 'महाजात्रा'मा समेत अभिनय गरेका उनलाई 'मेयर'मा पनि देख्न सकिन्छ । अभिनेता दिव्यले 'बलिदान'को टिमसँग जोडिन पाउँदा खुसी रहेको बताए ।

'बलिदान'को मुख्य भूमिकामा अभिनेता बिराज भट्टका छोरा समीर भट्ट डेब्यु गर्दै छन् । फिल्ममा सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा लगायतको पनि अभिनय रहनेछ । 'बलिदान' सुटिङका लागि अहिले पूर्वी नेपालको इटहरीमा सेट डिजाइनको काम भइरहेको छ ।

यसको करिब ६० प्रतिशत स्टुडियोमा नै छायाङ्कन हुनेछ । देशको अस्मिता जोगाउन एक युग पुरुष कसरी जन्मिछ भन्ने कथामा फिल्म बन्न लागेको हो । आसुसेन फिल्मस् तथा सन्तोष सेनको प्रस्तुति रहने फिल्ममा निर्माताको रूपमा पवन ब्राडफोर्ड बिस्ट तथा सह निर्माता प्रेम पुरी रहनेछन् ।

*-रातोपाटी डटकम*

# सिनेमाले म्यासेज दिनैपर्छ कि 'लिबरल' हुनुपर्छ ?




चैत ३० गते चलचित्र 'डिग्री माइला' रिलिज हुँदा त्यही दिन 'रेड सुटकेस' पनि प्रदर्शनमा आयो । राम्रो हाइप बनाएर 'डिग्री माइला' रिलिज हुँदा 'रेड सुटकेस'को चहलपहल कमै मात्र थियो । देशकै ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले 'रेड सुटकेस'लाई पछि सार्न भनेपछि यो चेनमा रिलिज नै भएन । बाँकी थिएटरमा यो सिनेमाले नगन्य शो पायो । देशभर करिब ५० शोमा 'रेड सुटकेस' सीमित भयो । आर्ट हाउस सिनेमाका पारखीले तारिफ गरेको 'रेड सुटकेस'ले समीक्षा पनि राम्रो पायो । उच्च शो पाएको 'डिग्री माइला'ले राम्रो कलेक्सन गरिरहेका बेला समीक्षा भने खासै राम्रो पाएन । अहिले पनि यी दुवै सिनेमा प्रदर्शनमै छन् । क्यूएफएक्सले 'रेड सुटकेस'लाई शो नदिएको भन्दै केहीले सामाजिक सञ्जालमा आलोचना समेत गरे । यो नौलो भने होइन । आर्ट हाउस मुभीले ठूलो संख्यामा शो पाउँदैनन् । हलले शो नदिनुको कारण पनि छ, यस्ता मुभी त्यति धेरै चल्दैनन्, जति कमर्सियल सिनेमा चल्छन् । बिजनेस कम हुने भएपछि यस्ता चलचित्रले शो खासै पाउँदैनन् ।

"आर्ट हाउस मुभी चलेनन् भनेर आत्तिनु हुँदैन । यसको अर्थ नराम्रो भएर नचलेका होइनन् । भोलि 'गाउँ आएको बाटो' पनि अपेक्षा गरेअनुसार सक्सेस नहोला, तर चलेन भन्दैमा नराम्रो नै हुन्छ भन्ने हुँदैन," निर्देशक मीन भाम भन्छन्, "यसको अर्थ चल्दै चल्दैनन् भन्ने पनि होइन । 'ग्याङ्स अफ वासेपुर', 'टुवेल्थ फेल', 'लञ्चबक्स'ले कथित कमर्सियलभन्दा धेरै व्यापार गरे । यो त सुनमा सुगन्ध नै भयो ।" यही वैशाख १४ गते चलचित्र 'बोक्सीको घर' रिलिज हुँदै छ । यो सिनेमाले हलमा कति स्पेस पाउला ? "हामीले सिनेमा राम्रो बनाएका रहेछौं भने पक्कै पनि हलले पनि त्यहीअनुसारको स्पेस देलान्," बोक्सीको घरका लेखक तथा निर्देशक सुलक्षण भारती भन्छन्, "सिनेमा राम्रो बनेको रहेनछ भने दर्शकको साथ पाउने कुरा भएन । यस्तो अवस्थामा धेरै वा थोरै शो भन्ने कुरै भएन ।"

चलचित्रले मनोरञ्जन दिन्छ भनेर नै हेर्ने गरिएको भन्दै सुलक्षण नेपाली बजार सानो रहेको र यही कारण सीमित साधनस्रोतबीच काम गर्नुपर्ने भएकाले दर्शकसँग साथ माग्ने गरिएको बताउँछन् । "जति अरू सिनेमा इन्डस्ट्रीको बजार छ, त्यति हाम्रो सिनेमाको बजार ठूलो छैन । त्यसैले मेकरले नेपाली सिनेमालाई हेरेर साथ दिनुहोस् भनेर आग्रह गर्ने गरिएको हो भन्ने लाग्छ," सुलक्षण भन्छन्, "तर, यसो भनेर मात्रै हुँदैन । सिनेमा मूलत: इन्टरटेन्मेन्टका लागि हेर्ने हो । त्यसैले सुरुमा त राम्रो नै हुनुपर्छ । अडियन्स आएर पनि शो नपाउँदा असन्तुष्टि हुनु स्वाभाविक हो । तर, हलको पनि बिजनेस भएकाले दर्शक आइरहेको सिनेमामा शो नपाउने भन्ने हुँदैन भन्ने मेरो बुझाइ छ ।" सिनेमाको हिरो भनेकै कन्टेन हुने र यसमा आफू र आफ्नो टिम सचेत रहेको सुलक्षण बताउँछन् । "हाम्रो सिनेमामा पावरफुल कन्टेन छ र यही नै हाम्रो सिनेमाको मेरुदण्ड हो भन्ने लाग्छ," उनी भन्छन्, "हुन त यो भोलि सिनेमा हेरेर दर्शक, समीक्षक र पत्रकारले भन्ने कुरा हो । हामीले हाम्रो नेपाली कथा भनेका छौँ । आफ्नै कथाभित्र हाम्रो माटो बोल्छ । त्यसैले पक्कै पनि धेरैले मन पराउनुहुन्छ भन्ने लागेको छ ।" कन्टेन बलियो भएका सिनेमा पनि नेपालमा चल्ने गरेको भन्दै उनी 'झोला' स्मरण गर्छन् । नेपालमा आर्ट हाउस र कमर्सियल सिनेमाको सन्दर्भलाई लिएर एउटा बुझाइ छ- कमर्सियल चलचित्रले मनोरञ्जन मात्र दिन्छन्, आर्ट हाउस मुभी म्यासेज ओरियन्टेड हुन्छन् । यो बुझाइ नै सही छ वा गलत त्यसमा बहस नगरी सिनेमाले म्यासेज दिनैपर्छ ? भन्ने प्रश्नमा निर्देशक मीन भाम भन्छन्, "सो कल्ड आर्ट हाउस मुभीमा धेरै म्यासेज हुन्छ । तर, यसमा अन द टोन हुन्छ । सिनेमा पढाएर दियो कि सोचमग्न बनाएर दियो भन्ने मात्र फरक हो ।" कसरी म्यासेज दिइयो भन्ने मात्र फरक रहेको उनको भनाइ छ । कसैले लेक्चरका रूपमा र केहीले दिमाग झकझक्याउने काम सिनेमामा गर्ने गरेको उनी बताउँछन् । "कतै म्यासेज डिरेक्टर भ्वाइसको रूपमा, दिमाग हल्लाउने गरी नयाँ कथ्यशैलीमार्फत आउँछ," मीन अगाडि थप्छन्, "कतै भएका कुरा संवादमार्फत नै आउँछ । यो लेखक र निर्देशकमा भर पर्छ ।" चलचित्रको म्यासेजलाई लिएर गलत बुझाइ रहेको उनी बताउँछन् । सिनेमाले सिकाउने होइन, दर्शकको दिमाग टिनिन्न पार्न सक्नुपर्ने भन्दै उनी अगाडि भन्छन्, "ओहो, हो त है ! मैले त यसरी सोचेकै थिइनँ त भनेर सोच्न बाध्य बनाउन सक्नुपर्छ । दार्शनिक रूपमा सोच्न बाध्य बनाउनुपर्छ । त्यो सिनेमाको भाषा हो । दिमागमा झड्का हान्नुपर्छ ।"

हरेक सिनेमाले म्यासेज दिने तर त्यो कुन तहको हुने र कसरी दिने भन्नेमा मात्र भेद हुने गरेको उनी स्पष्ट पार्छन् । संसारभर नै आर्टिस्टिक सिनेमाले व्यापार नगर्ने मीन बताउँछन् । नेपाल मात्र होइन, युरोप र हलिउडमा पनि आर्टिस्टिक सिनेमाले उच्च व्यापार गर्दैनन् भन्ने बुझ्नुपर्नेमा उनी जोड दिन्छन् । "यस्ता सिनेमाले व्यापार नगर्ने भएकाले नै हलिउडका ठूलठूला सिनेमा स्टुडियोले नै आर्ट हाउस मुभीमा खासै लगानी गर्दैनन्," मीन भन्छन्, "इन्डिपेन्डेन्ट सिनेमा चल्दैनन्, यसमा अचम्म मान्नै पर्दैनन् । यसको विशेषता नै त्यही हो ।" आर्ट हाउस मुभीको मास अडियन्स नहुने र लगानी पनि कम हुने उनी स्पष्ट पार्छन् । यस्ता सिनेमा हलमा धेरै नचल्ने तर कालान्तरसम्म खोजी हुने उनको भनाइ छ । त्यसैले मेकर आत्तिन नहुने र बिजनेस नहुँदैमा सिनेमा फ्लप भयो भनेर समीक्षक र पत्रकारले पनि भन्न नहुनेमा उनको जोड छ । "आर्ट हाउस सिनेमाको लिमिटेसन हुन्छ । मास हुँदैन । मेकिङ, विषय, पात्र चयनका हिसाबले लिमिटेसन हुन्छ," मीन भन्छन् ।

अभिनेत्री स्वस्तिमा खड्का आर्ट सबैभन्दा पहिला 'लिबरल' हुनुपर्ने धारणा राख्छिन् । कला यस्तै हुनुपर्छ भन्ने नरहेको उनको बुझाइ छ । "मेकर वा कलाकारले आफ्नो भिजन जे छ, त्यही नै पोट्रे गर्ने हो," स्वस्तिमा भन्छिन्, "कला भन्नेबित्तिकै समाजको रिफ्लेक्सन हो । समाजको प्रतिविम्ब हो । सिनेमा मात्रै होइन, पेन्टिङ, संगीत वा आर्टका अन्य विधामा पनि त्यही नै हो ।" समाजको विषय आफ्नो आर्टमा देखाइरहँदा जिम्मेवार मेकर वा कलाकारले म्यासेज दिन्छ भने त्यो 'चेरी अन द टप' भनेजस्तै हुने उनको धारणा छ । सिनेमामार्फत सन्देश दिनैपर्छ भनेर दिमागमा सर्त नै राखेर भने काम गर्न नहुनेमा उनको जोड छ । "कुनै पनि स्टोरी भन्दा त्यसमा केही न केही म्यासेज आउँछ नै । कुनै सिनेमाले यही नै म्यासेज दिने भनेर बनाउनुहुन्छ । कुनै सिनेमामा एउटा स्टोरी मात्रै हुन्छ । त्यो स्टोरी भन्दा म्यासेज आउँछ," स्वस्तिमा भन्छिन्, "यसमा अप्रत्यक्ष रूपमा म्यासेज दिइरहेको हुन्छ । फरक यत्ति हो, कसैले बुझ्नुहुन्छ, कसैले बुझ्नु हुन्न होला । कसले के बुझ्नुहोला, कसले के बुझ्नुहोला, फरक यति मात्र हो ।" तर, सन्देश दिन नै सिनेमा बनाउँछु भनेर लागिरहन नहुने स्वस्तिमाको धारणा छ । सबै मेकरले हरेक सिनेमामा म्यासेज नै दिनुपर्छ भनेर भन्न नहुनेमा उनी जोड दिन्छिन् । "कुनै सिनेमा इन्टरटेनमेन्टका लागि मात्रै हुन्छन् । कुनै सिनेमा निर्देशकले मासमा नगए पनि मेरो यो भिजनका लागि बनाउँछु, जसरी लिए पनि हुन्छु भनेर बनाइरहेका हुन्छन्," उनी भन्छिन्, "सिनेमा आफैँमा राम्रो हुनुपर्छ । त्यसले प्रत्यक्ष/परोक्ष रूपमा म्यासेज दिन्छ नै ।"

कुनै सिनेमा हेरेर दर्शकको दिमाग 'ट्रिगर' गर्छ भने त्यो झन् राम्रो हुने उनी बताउँछिन् । "थ्री इडियट्स सुरुदेखि अन्तिमसम्म हेर्दा इन्टरटेनमेन्ट नै छ," उनी भन्छिन्, "तर, दश दिनपछिसम्म पनि त्यसको म्यासेजले ट्रिगर गरिरहन्छ । यो त झन् राम्रो भयो, सिनेमाको सबल पक्ष हो । अहिले पनि हामी कहिलेकाहीँ लो फिल भयो भने यो सिनेमा हेरेर ट्रिगर हुन्छौं । तर, सबैले म्यासेज दिनैपर्छ भन्ने होइन होला । लिबरल भएर हेर्नुपर्छ भन्ने लाग्छ ।"

*-बाह्रखरी डटकम*

# आजदेखि विश्व खोप सप्ताह सुरु

**पाल्पा,** बैशाख ११/विश्व खोप सप्ताह आजदेखि सुरु भएको छ । हरेक वर्ष अप्रिल महिनाको अन्तिम हप्तालाई विश्व खोप सप्ताहको विश्वव्यापीकरण खोप समुदायले मनाउने गर्दछन् । यस वर्ष २०२४ को विश्व खोप सप्ताह अप्रिल २४ देखि ३० सम्म विश्वभरि विभिन्न कार्यक्रमहरू गरेर मनाइने गरिन्छ ।

खोपहरूको जीवन बचाउने शक्तिलाई उजागर गर्दै वर्ष २०२४ मा खोप समुदाय र विश्वव्यापी स्वास्थ्य सेवा प्रदायकहरूले विश्व स्वास्थ्य संगठनको खोप प्रवर्द्धनको ५० औं वार्षिकोत्सवलाई पनि मनाउने छन् । सबै उमेरका मानिसहरूलाई रोगबाट जोगाउन भ्याक्सिनहरूको प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्यसँगै खोपको महत्व र आवश्यकतालाई विशेष चर्चा गरिन्छ । विश्व खोप सप्ताहको अन्तिम लक्ष्य भनेको धेरै मानिसहरू र तिनीहरूका




समुदायहरूलाई खोपबाट रोक्न सकिने रोगहरूबाट सुरक्षित राख्नु हो ।

## योजना सुरू हुन्छन्...

...माथि उल्लेखित योजना बजेट नपरेर वा बजेटको सही सदुपयोग नभएर अलपत्र परेका केही प्रतिनिधिमूलक उदाहरण मात्रै हुन् । असार मसान्तमा डोजर चलाएर पहाड भत्काउने तर त्यसपछि योजनाबारे चासो नदिने, योजनाको दीर्घकालीन कार्ययोजना नबनाउने जस्ता समस्याले विकास निर्माणका काममा ढिलाइ हुँदै आएको छ । अर्कोतर्फ फिल्डमा काम नहुने तर कागजमा काम भएको देखाउने 'असारे विकास'को प्रवृत्ति पनि मौलाएको छ ।

**छ महिनाको विकास खर्च १८ प्रतिशत मात्रै**

जिल्लामा आर्थिक वर्षको सुरुआती विकास खर्च हेर्ने हो भने निकै निराशाजनक छ । चालु आर्थिक वर्षको साउनदेखि पौष मसान्तसम्म जिल्लाका १२ पालिकामा कुल १८.७० प्रतिशत मात्रै विकास खर्च भएको छ । चालु आर्थिक वर्षको लागि जिल्लाको १२ पालिकाको कुल पुँजीगत बजेट रु दुई अर्ब चार करोड ३४ लाख ७६ हजार ७५५ हो । तर, सुरुको छ महिनामा जम्मा ३८ करोड २२ लाख ३५ हजार ७६६ रुपैंया ८४ पैसा मात्रै खर्च भएको छ । अबको छ महिनामा पालिकाहरुले कुल बजेटको ८१.३ प्रतिशत अर्थात् रु एक अर्ब ६६ करोड १२ लाख ४० हजार ९८८ खर्च गर्नुपर्ने हुन्छ । चालु आवको लागि जिल्लाका सबै पालिकाले दुई हजार ८८७ योजना विनियोजन गरेकोमा पौष मसान्तसम्म एक हजार ८९५ योजना मात्रै सम्झौता भएका छन् ।

जिल्लामा सबैभन्दा बढी धुर्कोट गाउँपालिकाले छ महिनामा विकास बजेट खर्च गरेको छ । चालु आवमा धुर्कोटमा २१ करोड ८९ लाख ४४ हजार २८५ विकास बजेट रहेकामा रु १२ करोड १८ लाख ६४ हजार ७९५ खर्च गरेको छ जुन कुल बिनियोजित बजेटको ५५.६६ प्रतिशत हो । धुर्कोटले कुल ५४६ योजना निर्माण गरेकामा १०३ योजना सम्झौता भएको सूचना अधिकारी खड्ग थापाले जानकारी दिए । छ महिनामा पुँजीगत खर्चको हिसाबले इस्मा गाउँपालिका सबैभन्दा कमजोर देखिएको छ । कुल रु १५ करोड ५१ लाख ३४ हजार विकास बजेट रहेको इस्माले त्यसको ३.१५ प्रतिशत अर्थात ४८ लाख ९३ हजार २५६ मात्रै खर्च गरेको छ । सूचना अधिकारी नारायण महतका अनुसार इस्मामा चालु आवका लागि २११ योजना रहेकामा ९२ योजनामा सम्झौता भएको छ ।

**खरिद प्रक्रिया नै झन्झटिलो छ**

मालिका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विकास खनालले केही नीतिगत समस्याका कारण विकास बजेट समयमै खर्च हुन नसक्ने बताए । विकास कार्य ढिलाई हुनुमा आव सुरु भएको केही दिनपछि जिल्लामा दररेट समितिको बैठक बसेर सबै निर्माण कार्यको दर निर्धारण हुने र भदौमा मात्रै दर विश्लेषण हुने एउटा कारण रहेको बताए ।

खनालले नेपालको सार्वजनिक खरिद ऐनको प्रक्रिया नै झन्झटिलो रहेको बताए । 'सार्वजनिक खरिद ऐनअनुसार अन्तर्राष्ट्रिय स्तरको ठेक्का ४५ दिन, राष्ट्रिय स्तरको ३० दिन र स्थानीय स्तरको १५ दिनको म्याद राखेर खोल्नुपर्ने हुन्छ' खनालले भने । यो सबै प्रक्रिया अपनाउदा भदौ महिना सकिने, त्यसपछि दसैं-तिहारजस्ता ठूला चाडपर्वले काम रोकिने उनको भनाई छ । रुरु क्षेत्र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बोलपत्र निकाल्ने काम नै असोजसम्म हुने भएकाले काममा ढिलाइ भएको प्रतिक्रिया दिए । 'सूचना प्रकाशनदेखि सम्झौतासम्म जाँदा नै दुई महिना लाग्छ,' उनले भने, 'सुरुमा चाहेर पनि पुँजीगत खर्च हुँदैन ।' साउनमा भुक्तानी नै नहुने र भदौ, असोज र कात्तिकसम्म केही साना योजना मात्रै भुक्तानी हुने उनले बताए । उनले असार मसान्त केन्द्रित विकास रोक्नको लागि भदौबाट नै काम सुरु हुने प्रकारको वातावरण सिर्जना गर्नुपर्ने धारणा राखे ।

चन्द्रकोट गाउँपालिकाका अध्यक्ष युवराज केसी पनि सरकारले बजेट निकासको प्रणाली सच्याउनुपर्ने बताउँछन् । पालिकालाई खर्च गर्ने अधिकारसहित निकासा नदिँदा समस्या भएको केसीले बताए । "राजस्व बाँडफाँटको शीर्षकको रकम मासिक नभएर पुस वा असार मसान्तमा मात्रै आउने गर्दछ", केसीले भने, "त्यसले गर्दा कतिपय योजना सम्पन्न भएर पनि भुक्तानी दिन पाइएको छैन ।" केसीले संघ र प्रदेश सरकार अन्तर्गतका योजना कार्यान्वयनमा ढिलाइ भएको बताए ।


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/०१/१२*

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/११ गतेको निर्णय अनुसार विद्यालयमा आधारभूत तहका लागि अंग्रेजी विषय निजी स्रोतमा शिक्षक नियुक्त गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.** : ०५/२०८०/०८१, **पद** : शिक्षक,
**संख्या** : १ (एक), **विषय** : अंग्रेजी
**शैक्षिक योग्यता** : १०+२ वा सो सरह ।, **निवेदन दस्तुर** : रु.५००/-
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : विद्यालयले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०१/१८ गते
**सम्पर्क मिति** : २०८१/०१/१८ गते ४ बजे पछि
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**परीक्षाको किसिम** : कक्षा अवलोकन र अन्तर्वार्ता
**आवश्यक कागजातहरु** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
**सम्पर्क नं.** : ०७५-५२०४२८, ९८५७०६०६५१

*(नोटः माथिल्लो योग्यतालाई विशेष गाह्यता दिइने छ ।)*

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन-२, पाल्पा


खेलकुद समाचार

# कोशी प्रदेशको लगातार चौथो हार



**काठमाडौं,** बैशाख ११/वीर गणेशमान सिंह टी-२० राष्ट्रिय क्रिकेट च्याम्पियनसिपको आफ्नो पछिल्लो खेलमा मधेश प्रदेशले जित हात पारेको छ । काठमाडौंस्थित मुलपानी क्रिकेट मैदानमा मंगलबार भएको दोस्रो खेलमा मधेश प्रदेशले कोशी प्रदेशलाई दुई विकेटले हराएको हो ।

वीर गणेशमान सिंह स्पोर्टस कमिटीद्वारा आयोजित प्रतियोगितामा मधेश प्रदेशले हासिल गरेको यो तेस्रो जित हो । दुई खेलमा भने मधेश प्रदेश पराजित भएको छ । कोशी प्रदेशले भने प्रतियोगिताका आफ्नो खराब प्रदर्शन जारी राखेको छ । कोशी प्रदेशको यो लगातार चौथो होर हो । टस जिती पहिले ब्याटिङको निर्णय लिएको कोशी प्रदेशले निर्धारित ओभरमा नौ विकेट गुमाएर ९० रनमात्र बनाउन सकेको थियो । जवाफी ब्याटिङमा ओर्लिएको मधेश प्रदेशले भने १७.१ ओभरमै आठ विकेट गुमाएर विजयलक्ष्य पुरा गर्‍यो । मधेश प्रदेशको जितमा विशाल पटेलले ३७ रनको योगदान गरे । उनले २५ बलमा ६ चौका पनि प्रहार गरे । ओपनर ब्याट्सम्यान रोहन बीकेले अविजित ३१ रन बनाए । उनले ४४ बलमा तीन चौका पनि हिर्काएका थिए । अर्का ओपनर साहिल पटेलले पनि ११ रन बनाएका थिए । कोशी प्रदेशका बलर श्रवण यादबले चार विकेट लिए । उनले चार ओभरमा एक मेडन राख्दै केवल १८ रन खर्चिए । दिपेश कँडेलले पनि तीन विकेट हात पारे । अर्को एक विकेट ज्ञानेन्द्र श्रेष्ठले लिए । त्यसअघि पहिले ब्याटिङ गरेको कोशी प्रदेशका लागि समिर कार्कीले २८, श्रवण यादबले २७ र सुजन थपलियाले १६ रन बनाएका थिए । कोशी प्रदेशका अन्य ब्याट्सम्यानले भने दोहोरो अंकमा रन बनाउन सकेका थिएनन् । कोशी प्रदेशले अतिरिक्त रुपमा पनि नौ रन पाएको थियो । मधेश प्रदेशका बलर विशाल पटेल, अविषेक तिवारी, रंजित कुमार र प्रदिप पासवानले दुई/दुई विकेट लिए । उक्त खेलमा मधेश प्रदेशका विशाल पटेल म्यान अफ दी म्याच घोषित भए ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# सुन र चाँदीको मूल्य घट्यो




**पाल्पा,** बैशाख ११/पछिल्लो केही दिन यता नेपाली बजारमा निरन्तर बढिरहेको सुनको भाउ सोमबार र मंगलबार भने घटेको छ । हालसम्मकै उच्च मूल्यमा पुगेको सुनको भाउ घटेको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुन दुई दिनमै तोलामा मूल्य ३ तीन हजार ८ आठ सयले घटेको हो ।

सोमबार प्रतितोला ११ सय रुपैयाँले मूल्य घटेको थियो भने मंगलबार एकैदिन सुनको भाउ प्रतितोला २ हजार ७ सात रुपैयाँ घटेको छ । महासंघका अनुसार मंगलबार प्रतितोला १ लाख ३५ हजार ५ सय रुपैयाँमा सुनको कारोबार भइरहेको छ । सोमबार प्रतितोला १ लाख ३८ हजार २ सय रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै चाँदीको भाउ पनि तोलामा ४५ रुपैयाँले घटेको छ । सोमबार अघिल्लो दिन प्रतितोला १ हजार ७ सय ५ रुपैयाँमा कारोबार भएको चाँदी मंगलबार १ हजार ६ सय ६० रुपैयाँमा झरेको छ ।


## उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं ।

*वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमा :*

- उत्पादनको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको जस्ता वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तु उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उललेख गर्नु पर्दछ ।

*त्यस्तो गरेको नपाईएमा तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रसाशन उजुरी गरौं ।*

लुम्बिनी प्रदेश सरकार
**गृह मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई